

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २७७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० कार्तिक १ गते बुधबार ❑ 18 Oct. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## सुरक्षाकर्मीलाई साधनस्रोत सम्पन्न बनाउनु आवश्यकः मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, ३० असोज

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सुरक्षाकर्मीलाई साधनस्रोत सम्पन्न बनाउनुपर्नेमा जोड दिनुभएको छ ।

६८औँ वार्षिकोत्सवका अवसरमा गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराद्वारा आयोजित कार्यक्रममा उहाँले सीमित साधनस्रोतका बीच पनि सुरक्षा निकायले खेलेको भूमिका प्रशंसनीय भएको उल्लेख गर्दै उहाँले समयानुसार बढिरहेको सुरक्षा चुनौतीलाई सामना गर्ने गरी सधनस्रोत सम्पन्न बनाउनु जरुरी भएको बताउनुभयो ।



स्थापनाकालमा सात हजार पाँच सय जनशक्ति लिएर करिब ९७ लाख नागरिकको जीउधनको शान्तिसुरक्षाको जिम्मेवारीका साथ सङ्गठित नेपाल प्रहरी हाल ८० हजार जनशक्ति लिएर तीन करोड नेपालीको सुरक्षा गरिहेको मुख्यमन्त्री पाण्डेले बताउनुभयो । देशमा शान्तिसुरक्षा कायम राख्ने सवालमा मात्र नभई विपद्का बेला पनि नेपालमा सुरक्षा संयन्त्रले निर्वाह गर्दै आएको भूमिका प्रशंसनीय रहेको उहाँले बताउनुभयो । "भूकम्प, कोभिड, बाढी पहिरो, दुर्घटना लगायतका हरेक विपत्तिमा राज्यको पहिलो उपस्थितिको प्रतिनिधित्व सुरक्षाकर्मीले गर्दै आएका छन्", मुख्यमन्त्री पाण्डेले भन्नुभयो । राज्य र आम नागरिकलाईशान्तिसुरक्षादिनुपर्नेगहन जिम्मेवारी सुरक्षाकर्मीको रहेको उल्लेख गर्दै उहाँले सुरक्षाकर्मीसँग नागरिकको अपेक्षा धेरै रहेको बताउनुभयो । पीरमर्का लिएर आउने सेवाग्राहीको गुनासो वा विवरण राम्रोसँग सुनिदिने र कार्यान्वयनमा जटिलता तथा झन्झट पैदा नगर्ने वातावरण निर्माण गर्नुपर्नेमा जोड दिँदै उहाँले पटक-पटक कार्यालय धाइरहनुपर्ने वातावरणबाट मुक्तिका साथै नागरिकसँगको व्यवहार, आपत्कालीन सहयोग आदिले सङ्गठन भित्रको विश्वशनियता बढ्दै जाने बताउनुभयो । उक्त अवसरमा मुख्यमन्त्री पाण्डेले अमरत्व प्राप्त गर्ने प्रहरीहरूको सम्मानमा पुष्पार्पण गर्नुभएको थियो । कार्यक्रमका अवसरमा विभिन्न विधामा उत्कृष्टता हासिल गर्ने प्रहरी कर्मचारी, खेलकुदतर्फ उत्कृष्ट कर्मचारी, अमर तथा अशक्त प्रहरीका परिवारजलाई सम्मान गरिएको थियो । निमित्त कार्यालय प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक अरुण पौडेलले देश तथा जनताको शान्तिसुरक्षाका लागि अहोरात्र खटिरेहको प्रहरी सङ्गठन आफ्नो कर्तव्य तथा जिम्मेवारीलाई सधैँ आत्मसात् गर्दै अघि बढीरहेको बताउनुभयो ।

## पोखरामा हालसम्म ५ हजार यात्रुले मात्र अग्रिम टिकट बुकिङ गरे

**पोखरापत्र संवाददाता**
पोखरा, ३० असोज

यस पालीको वडा दशैंको अवसरमा पोखरा क्षेत्रबाट अनेत्र जाने यात्रुहरुले हालसम्म करिब ५ हजार जनाले मात्र अग्रिम टिकट बुकिङ गर्नु भएको छ ।

अग्रिम टिकट बुकिङ खुल्ला अघिल्लो सोमबार देखि सुरु भएको भए पनि हालसम्म करिब ५ हजार जनाले मात्र अग्रिम टिकट बुकिङ गरेको पृथ्वीराजमार्ग बस संचालक कम्पनी प्रा.लि.का अध्यक्ष योगेन्द्र केसीले बताउनु भयो ।

गण्डकी प्रदेशको राजधानि पोखरामा विभिन्न काम तथा रोजगार एवं पेशा व्यवसाय गर्दै आएका व्यक्तिहरु आफ्नो थाक थला(जन्म स्थल)मा दशैंमा जानको लागि अघिल्लो बर्षको तुलनामा यस बर्ष करिब एक चाथाईले मात्र अग्रिम टिकट बुकिङ गर्ने उहाँले जनाउनु भयो । अघिल्ला बर्षको जस्तो दशैंको अवसरमा यात्रुहरुमा उत्साह नदेखिएको अध्यक्ष केसीले बताउनु भयो । गत बर्ष ३८ हजार जनाले अग्रिम टिकट बुकिङ गरे पनि यस बर्षको लागि हाल नवरात्रको तेश्रो दिनसम्म आउदा ५ हजार जनाले मात्र अग्रिम टिकट बुकिङ गरेको अध्यक्ष केसीले जनाउनु भयो । यस बर्ष मुस्किलले १० हजार जनाले अग्रिम टिकट बुकिङ गर्ने उहाँले अनुमान गर्नु भएको छ । यसैबिच, पर्यटक बस संचालन गर्ने संस्था नाट्टा गण्डकीले दशैं पर्व लक्षित गरी यस बर्ष करिब ८० प्रतिशत यात्रु बाहक बस तथा माइक्रो बस संचालन गर्ने तयारी गरेको नाट्टा गण्डकीका अध्यक्ष हरिराम अधिकारीले बताउनु भयो । कोभिड १९ पछि करिब ५० प्रतिशत मात्र आफ्ना सवारी साधनहरु संचालन भएको अबस्थामा हाल यात्रुको माग भए अनुसार ८० प्रतिशतसम्म संचालन गर्ने गरी तयारी गरेको उहाँले बताउनु भयो ।

## आशिर्वादको भलिवलमा माइलाले गरे युवाको चर्चा

**पोखरापत्र संवाददाता**
पोखरा, ३० असोज

युवाको स्वास्थ्यका लागि व्यायामलाई बढावा दिनु पर्दछ । युवाहरु खेलकुदका आधारभूत कुराहरूमा केन्द्रित हुनुपर्दछ । युवा उमेरमा खेलाडी हुँदा जति रमाइलो हुन्छ त्यति नै शारीरिक विकास पनि राम्रो हुँदै जान्छ ।



शारीरिक गतिविधिमा सक्रिय सहभागिता भए राम्रो स्वास्थ्य र रमाइलो जीवन सम्भव छ भने युवा समाजसेवी दिपक गुरुङ(माइला)ले । खेलकुदमा, जित र हार सामान्य हो भन्ने अनुभवले भविष्यमा युवाहरूलाई जित-हारलाई सजिलैसँग सामना गर्न प्रोत्साहन खेलकुदवाट मिल्ने माइलाले भने । खेलकुदको सकारात्मक प्रभावले युवाहरूको शरीर र दिमाग दुवैको विकासमा योगदान पुर्‍याउने भएकोले भलिवल प्रतियोगिताको ठुलो महत्व रहेको माइलाले चर्चा गरे । पोखरा महानगरपालिका वडा नं १३ आर्वा स्थित आशिर्वाद क्लब अफ नेपालले प्रथम आशिर्वाद भलिवल प्रतियोगिता २०८० सोमवारदेखी सुरु गरेको छ । सो प्रतियोगिताको उद्घाटन गर्दे दिपक माइलाले युवाको चर्चा गरेका हुन । युवाहरुको हरेक विकासमा आँफुलाई सम्झनु भन्दै मलाई समाजसेवी भन्दा पनि हाम्रो दिपक माइला दाइ भनेर सम्झेमा बढि खुशी हुनेमा माइलाको जोड थियो । २९ गते सोमवार देखि सुरु भएको


बाँकी अन्तिम पृष्ठमा ▶▶


## पोखरामा दुई दिन मै ९ करोड नयाँ नोट सटही

**पोखरापत्र संवाददाता**
पोखरा, ३० असोज

पोखरामा मंगलबारदेखि नयाँ नोटको सटही गर्नेहरुको संख्यामा बृद्धि भएको छ । सोमबारदेखि सुरु भएको नयाँ नोट सटही मंगलबारदेखि अत्याधिक भिडभाड सहित अघिल्लो दिन भन्दा मंगलबार बढी रकम सटही भएको नेपाल राष्ट्र बैंक पोखरा कार्यालयले जनाएको छ ।



कार्यालयले मंगलबार ५ करोड ३३ लाख बराबरको नयाँ नोट सटही गरेको कार्यालयका उपनिर्देशक पुष्कर शुर्खालीले बताउनु भयो । नेपालीहरुको महान पर्व दशैं पर्वको अवसरमा नेपाल राष्ट्र बैंक पोखरा कार्यालयले आम सर्वसाधरणको लागि दुई दिनमै ९ करोड ३८ लाखको नयाँ नोट सटही गरिएको उहाँले जनाउनु भयो । पहिलो दिन सोमबार ३ करोड ७५ लाखको नयाँ नोट सटही गरेको उपनिर्देशक शुर्खालीले उल्लेख गर्नु भयो । यस बर्षको दशैं पर्व लक्षित हुने गरी सोमबार देखि आउदो शुक्रबारसम्म आम सर्वसाधारणहरुको लागि सानो नोट १८ हजार ५ सय रुपैयासम्मको एक बण्डल सटही हुने भएको उपनिर्देशक शुर्खालीले उल्लेख गर्नु भयो । राष्ट्र बैंक पोखरा कार्यालयले नयाँ नोट सटही गर्न सुरु गरेसंगै सटही गर्नेहरुको मंगलबार पनि बिहानै देखि भिडभाड सुरु भएको थियो । नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार प्रति व्यक्ति १८ हजार ५० सयको नयाँ नोट सटही गर्न पोखराको कार्यालयबाट सुरु गरिएको नेपाल राष्ट्र बैंक पोखरा कार्यालयका निर्देशक आर्या जोशीले बताउनु भयो । आम सर्वसाधारणको लागि भने गत बर्ष झै यस बर्ष पनि सानो नोट (५, १०, २०, ५० र १००) का एक/एक बण्डल सटहीको व्यबस्था गरिएको उहाँले जनाउनु भयो । नेपाल राष्ट्र बैंक पोखरा कार्यालयले गण्डकी प्रदेशका बैंक तथा विक्तिय संघ संस्थाहरुलाई पहिलो चरणमा ८३ करोड २५ लाखको नयाँ नोट सटही गरेको छ । नेपालीहरुको महान पर्व विजया दशमी पर्वको अवसरमा यस बर्ष १ अर्ब २३ करोड ४५ लाख नयाँ नोट सटही गर्ने योजना रहेको राष्ट्र बैंक पोखरा कार्यालयलका उप–निर्देशक सम्झना ढकालले बताउनु भयो । नेपाल राष्ट्र बैंक पोखरा कार्यालयले गत बर्ष १ अर्ब ५५ करोड २२ लाख रुपैया बैंक तथा विक्तिय संघ संस्था सहित आम सर्वसाधारणलाई नयाँ नोट सटही गरेको थियो । यस बर्ष आफुहरुसंग नयाँ नोटको धेरै स्टक नभएकोले माग अनुसार दिन नसके पनि सन्तुलित ढंगले वितरण गर्दै गरेको उप–निर्देशक ढकालले जनाउनु भयो । आफ्ना बावबालिकाहरुको खसिको लागि नयाँनोट सटही गर्न आएको सेवाग्राहीको भनाई छ ।


### सामाजिक सञ्जाल प्रयोग गर्दा सतर्कता अपनाऔं

**सामाजिक सञ्जालमाः**

- ◆ जातीय, धार्मिक र साम्प्रदायिक सद्भावमा खलल पुर्‍याउने,
- ◆ राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकतामा आँच पुग्ने,
- ◆ कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा र आत्मसम्मानमा ठेस पुर्‍याउने,
- ◆ जातीय भेदभाव, छुवाछुत, श्रमप्रति अवहेलना हुने,
- ◆ शान्ति–सुरक्षामा खलल पुग्ने,
- ◆ प्रचलित कानुनले रोक लगाएका सामाग्रीहरु प्रकाशन वा प्रदर्शन गर्ने,
- ◆ जनमानसमा भ्रम सिर्जना गर्ने,

जस्ता विषयबस्तु पोष्ट वा शेयर गर्नु हुँदैन। त्यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन् ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


## सहुलियत पसलमै छैन चिनी

**पोखरापत्र संवाददाता**
पोखरा, ३० असोज

पोखरा नयाँबजार निवासी प्रेमबहादुर क्षत्री दसैंका लागि चिनी खरिद गर्न सोमबार दिउँसो पोखराको पृथ्वीचोकस्थित साल्ट ट्रेडिङ कर्पोरेशनको सहुलियत पसलको बिक्री केन्द्र पुग्नुभयो । तर त्यहाँ चिनी नै बिक्रीमा नभएपछि रित्तो हात घर फर्कनुपर्‍यो ।

"उपभोक्तालाई लक्षित गरी काठमाडौंमा सहुलियत पसलबाट चिनी बिक्री भइरहेको समाचार हेरेर पोखराको साल्ट ट्रेडिङले पनि बिक्री गरेको होला भन्दै आएको हुँ तर यहाँ चामल, नून, तेल र साबुन मात्र बिक्री भइरहेको रहेछ, मलाई चिनी चाहिएको हो", क्षत्रीले भन्नुभयो, "बजारमा चिनी खरिद गर्दा व्यापारीले प्रतिकेजी रु एक सय ३० लिने गरेका छन् ।" बजारमा दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धि भएपछि सर्वसाधारणको दैनिकी कष्टकर हुँदै आएको उहाँको भनाइ छ ।

सहुलियत दरमा खाद्यवस्तुको बिक्री गर्ने जिम्मा पाएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड पोखरा र साल्ट ट्रेडिङ कर्पोरेशन कम्पनी लिमिटेड पोखराको बिक्री केन्द्रले यसवर्ष चिनी नभएका कारण बिक्री गरिएको छैन । "सरकारले


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# खुला फुटसल च्याम्पियन बन्दै मेन्टेन एफसीले जित्यो ५ लाख

**पोखरापत्र संवाददाता**
पोखरा, ३० असोज

पोखरामा सम्पन्न नेपालकै सर्वाधिक पुरस्कार राशीको 'दोस्रो खुला फुटसल' प्रतियोगितामा काठमाडौंको मेन्टेन एफसी च्याम्पियन बनेको छ।

'परिवर्तनका लागि खेलकुद' नारासहित राजन एण्ड द ब्रदर्शको आयोजनामा पोखरा रंगशालास्थित कभर्ड हलमा आज (मंगलबार) भएको फाइनल खेलमा काठमाडौंको ढुकु फुटसल हबलाई ३-० गोलले पराजित गर्दै मेन्टेन एफसी च्याम्यियन बनेको हो।

मेन्टेनेको जितमा रफि महर्जन, विशाल सारुमगर र युकेश श्रेष्ठले समान १/१ गोल गरे। च्याम्पियन बनेको मेन्टेन एफसीले उपाधिसँगै नगद रु ५ लाख, शिल्ड, मेडलसहित प्रमाणपत्र प्राप्त गर्यो।



यस्तै प्रतियोगितामा उपविजेता बनेको काठमाडौंको ढुकु फुटसल हबले नगद रु ३ लाख, शिल्ड, मेडलसहित प्रमाणपत्र हात पार्यो। देशभरबाट कुल १४ टिमको सहभागिता रहेको सो प्रतियोगिताबाट ढुकु फुटसल हबका अमित लामा सर्वोकृष्ट खेलाडी घोषित भए। उनले नगद रु ५० हजारसहित ट्रफी प्राप्त गरे। यस्तै उत्कृष्ट गोलरक्षकका रुपमा मेन्टेन एफसीका आशिष डंगोल, सर्वाधिक गोलकर्ताका रुपमा एडि युनाटेड भण्डारढिकका रोशन मगर, र उदीयमान खेलाडीका रुपमा दीप युनाटेडका निकेश गुरुङ घोषित हुदैं जनही नगद रु २५ हजार र ट्रफिसहित पुरस्कृत भए।

यस्तै प्रतियोगिताको अनुशासित टिमको शिल्ड बि -१३ ले प्राप्त गर्यो। विजेता तथा उपविजेता टिमका खेलाडीहरुलाई समापन समारोहका प्रमुख अतिथिसमेत रहेका प्रतिनिधि सभा सदस्य तथा गण्डकी प्रदेशका संस्थापक मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ, गण्डकी प्रदेश सभा सदस्य भीम कार्की, गण्डकी प्रदेश सभाका निवर्तमान सदस्य तथा गण्डकी प्रदेश गल्फ संघका अध्यक्ष इन्द्रधारा विष्ट, सहयोगी दाताहरु तथा आयोजक संस्थाका संस्थापक राजन गुरुङ लगायतले पुरस्कार वितरण गरेका थिए। सो अवसरमा बोल्दै गण्डकीका मुख्यमन्त्री तथा सांसद पृथ्वी सुब्बा गुरुङले खेलकुदको क्षेत्रमा सरकारले लगानी वृद्धि गर्नुपर्ने धारणा राखे। उनले निजि क्षेत्रको लगानीबाटमात्र खेलकुदको विकास पर्याप्त हुन नसक्ने बताउदै सम्बन्धित संस्था र तीन वटै सरकारले चाँसो दिनुपर्ने बताए। उनले सो प्रतियोगिताले फुटसलको विकासमा सघाउने पुग्ने विश्वास व्यक्त गरेका थिए। यस्तै समापन समारोहमा गण्डकी प्रदेश सभा स दस्य भीम कार्की र सरस्वती गुरुङ लगायतले बोलेका थिए। गत असोज २७ गतेदेखि सञ्चालनमा रहेको फुटसल प्रतियोगितामा देशभरका कुल १४ वटा टिमको सहभागिता रहेको थियो।

# फाउण्डेशनले मोभ्रा र टोपीमा ल्यायो खुशी

**पोखरापत्र संवाददाता**
पोखरा, ३० असोज

लड्दै छु, लड्दै रुँदै, हाँस्दै छु र हाँस्दै हाँस्दै आज बल्ल श्वास राम्रो सँग फेरेकी छु भन्न थालिन कृष्णकुमारी गुरुङले। मन खुशी फाउण्डेशन कास्कीकी अध्यक्ष हुन कृष्णकुमारी गुरुङ। दिन रात समाज सेवामा खटिने बानीले दुई काँटी चलाएर मोभ्रा बुन्न पहिलो दिन फलामको चिउरा बन्यो।

तर दोस्रो दिन प्रशिक्षकद्धय दुर्गा र आसा गुरुङले नौनी ध्यू जस्तै सहज बनाए पछि कृष्णकुमारीको अनुहारमा हाँसै हाँसौ ल्यायो। गत असोज २० गतेदेखी सुरु भएको पाँच दिने हस्तकला तालिम समापनको दिन माइक्रोफोन हातमा लिए पछि ती भावनाहरु पस्केकी हुन गुरुङले। अरुको पिडालाई देख्न नसक्ने जहाँ रहे पनि खुशीको मलाम लगाउन पुग्ने समाजसेवी काशी गुरुङको व्यथा पनि मोभ्रा बुन्नेमा उस्तै छ। मन फाउण्डेशन गण्डकी प्रदेशकी अध्यक्ष हुन काशी गुरुङ। पाँच दिने तालिमले



कशीको जीवनमा पनि खुशी नै खुशी ल्यायो।

पोखरा महानगरपालिकाका व्यवसायीक प्रर्वद्धनका प्रमुख नवराज अधिकारीले कुनै पनि तालिमले जीवनमा जीउन ठुलो सहयोग पुग्ने वताए। थोरै लगानीमा पनि आय आर्जनमा सहयोग पुग्ने हुनाले टोपी र मोभ्रा बुन्ने सिपले समाजमा सकारात्मक सन्देश दिने प्रमुख अधिकारीले भने। मन खुशी फाउण्डेशन कास्कीकी अध्यक्ष कृष्णकुमारी गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा मन खुशी फाउण्डेशन गण्डकी प्रदेशका उपाध्यक्ष कमल सुनार, कोषाध्यक्ष एलिना वराल, महिला उद्यमी कास्कीका अध्यक्ष शारदा वराल, कमलपोखरी मार्ग टोल विका संस्था आमा समुहकी अध्यक्ष पूर्णकुमारी गुरुङ, प्रशिक्षक आशा गुरुङ र पोखरापत्र दैनिकका कार्यकारी सम्पादक शोभाकान्त सिग्देल लगायतले वोलेको कार्यक्रममा मन खुशी फाउण्डेशन गण्डकी प्रदेशकी अध्यक्ष काशी गुरुङले स्वागत र मन खुशी फाउण्डेशन कास्कीकी सचिव रेखा गुरुङ त्रिपाठीले साहित्यमय स्वरमा कार्यक्रम संचालन गरेकी थिइन्। तालिममा ३२ जना दिदी वहिनीहरुको सहभागी रहेको थिए।

# पकेट क्षेत्रमा खसीबोका प्रर्दशन, पुरस्कारले किसान दंग

**पोखरापत्र संवाददाता**
पोखरा, ३० असोज

पोखरा महानगरपालिकाले पकेट क्षेत्र घोषणा गरेको वडामा खसिबोका प्रर्दशनी गरिएको छ।

पोखरा महानगरपालिका वडा नं २८ सौर्यमा पोखरा महानगरले बाख्राको पकेट क्षेत्र घोषणा गरेको थियो। सो क्षेत्रका किसानले अहिले बाख्रा पालनलाई तिब्रता दिएपछि प्रदर्शनीमा मात्र १७५ वटा खसिबोका प्रर्दशन गरिएको थियो। पोखरा महानगरपालिका कार्यालय, पोखरा महानगर वडा नं २८, को आयोजना तथा जिल्ला पशुपंक्षी तथा मत्य बिकास निर्देशनालय, जिल्ला भेटनरी अस्पताल तथा पशुसेवा बिज्ञ केन्द्र, पोखरा टेलिभिजन, ब्यबशायिक बाख्रापालन समिती पोखरा २८ को सहकार्यमा आयोजना गरीएको प्रर्दशनीमा किसानलाई पुरस्कार प्रदान गरिएको थियो। प्रर्दशनीमा सबैभन्दा ठुलो खसि ल्याउने किसान डिलु खनाल प्रथम, प्रकाश रमण अधिकारी द्धितिय, बुद्धि बहादुर तिम्सना तृतिय र नारायण लामिछाने शान्वता भएका थिए। उनिहरुलाई क्रमश १० हजार, ८ हजार ६ हजार र ४ हजार रकम सहित सम्मान गरिएको थियो। प्रर्दशनीमा एकै घरबाट ५ वटा भन्दी बढी खशिबोका ल्याउने किसानलाई पनि पुरस्कार प्रदान गरिएको थियो। १२



जना किसानलाई जनही २ हजार प्रोत्साहन रकम प्रदान गरिएको हो। यसैगरि प्रदर्शनीमा खशिबोका सहित सहभागि हुने किसानलाई १ सय रुपैया दिइएको थियो।

प्रदर्शनीमा प्रथम हुने महिला पशुपालक डिलु खनालले ४३ वटा बाख्रा पालेको र उनको खशि ७५ किलोको रहेको थियो। प्रर्दशनीको उदघाटन गर्दै पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले किसानलाई उत्साही बनाउन नसकेसम्म कृषि क्रान्ति असंभव हुने बताए। सो अबसरमा उनले अर्को बर्ष पोखरा प्रर्दशनी केन्द्रमा ब्यबस्थित तरिकाले किसानका स्थानिय उत्पादनका खशि बोका बिक्रि गर्ने ब्यबस्था मिलाउने जानकारी दिए। सो अबसरमा पोखरा महानगरपालिका वडा नं २८ का अध्यक्ष श्रीकृष्ण लामिछानेले महानगरले पशुपालनमा गरेको लगानी खेर नगएको बताए। कृषिमा लगानी गरेर प्रतिफल आउदैन भन्नेहरुका लागि यो एउटा उदाहरण भएको उनको भनाई थियो। पोखरा महानगरपालिका आर्थिक बिकास महशाखा प्रमुख मनोहर कडरीयाले पकेट क्षेत्रले आफुलाई सफल बनाएकोमा धन्यबाद दिए। कृषि अब आत्मर्निभरतामा जान आबस्यक रहेको उनको भनाई थियो।कार्यक्रममा जिल्ला भेटेनरी अस्पतालका प्रदीप पौडेल, पशुपंछी तथा मत्य बिकास निर्देशनालयका गाबिन्द्र अधिकारी, पोखरा महानगरपालिकाका डा. सुमन बराल, वडा सदस्य बिरेन्द्र भण्डारीले कृषि क्षेत्रको बिकासका बारेमा धारण राखेका थिए।

## सहुलियत ...

काठमाडौँ बाहिरका जिल्लामा पनि चिनी बिक्री केन्द्र राखेको भए आम उपभोक्ताले सहुलियत दरमा चिनी किन्न पाउने थिए, किन त्यसो नगरेको होला ?", क्षत्रीले प्रश्न गर्नुभयो।

साल्ट ट्रेडिङ कर्पोरेशन कम्पनी लिमिटेड पोखराका प्रमुख वासुदेव उपाध्यायले उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले सहुलियत दरको चिनी बिक्री गर्ने निर्णय ढिला गर्दा दसैंमा चिनी आयात हुन नसकेको र दसैंपछि लगत्तै सहुलियत दरको चिनी बिक्री केन्द्रमा आइपुग्ने बताउनुभयो। "दसैंमा उपभोक्तालाई सहुलियत दरमा चामल, तोरीको खाने तेल, नुहाउने साबुन र नून सहुलियत दरका दिएका छौँ", उहाँले भन्नुभयो, "सधैँ झैँ यसवर्ष पनि साल्ट ट्रेडिङको कार्यालय पृथ्वीचोकबाट उपभोग्य सामान बिक्री भइरहेका छन्।" प्रमुख उपाध्यायका अनुसार साल्ट ट्रेडिङले २५ केजी तौल भएको जिरा मसिनो चामलको बोरालाई बजार भाउभन्दा रु पाँच सय सस्तोमा रु दुई हजार एक सयमा बिक्री गरिएको छ। त्यस्तै २५ केजीको सोना चामल प्रतिबोरामा रु दुई सय ५० छुट गरी रु एक हजार सात सय ५० मा बिक्री गरिएको छ। त्यस्तै नूनमा रु दुई सहुलियत दिइएको छ भने सन्तुर साबुनमा रु १० र बजार भाउ रु चार सय २५ रहेको शान्ति तोरीको तेल प्रतिलिटर रु तीन सय ७० मा बिक्री गरिएको छ। खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड प्रादेशिक कार्यालय पोखराका सूचना अधिकारी रञ्जना केसीले यसवर्ष चिनी नभएका कारण पोखराबाट स्टिम जिरा चामल बिक्री गरिएको जानकारी दिनुभयो। उहाँका अनुसार २५ केजी तौल भएको चालमको बोरा रु एक हजार नौ सय ७५ मा बिक्री भइरहेको छ। दसैंदेखि छठ पर्वसम्मका लागि पाँच सय क्वीन्टल चामल बिक्रीका लागि राखिएकोमा पोखराको पार्दीस्थित बिक्री केन्द्र र पृथ्वीचोकको बिक्री केन्द्रबाट दैनिक २० क्वीन्टल चामल बिक्री भइरहेको केसीको भनाइ छ। "प्रतिपरिवार दुई बोरा चामल दिएका छौँ", केसीले भन्नुभयो, "सहुलियत पसल यही असोज १५ गतेदेखि सुरु भई मङ्सिर ३ गतेसम्म रहने छ।" विशेष गरी दसैँ, तिहार र छठ पर्वलाई लक्षित गरी सरकारले सञ्चालनमा ल्याएको सहुलियत पसलमा चामल खरिद गर्न दसैँसँगै सर्वसधारण उपभोक्ताको चाप बढेको उहाँको भनाइ छ। सरकारले बोलपत्रमार्फत खरिद गर्न लागेको चिनी केही हप्तामा नै बिक्री केन्द्रमा आइपुग्ने र चिनीको समेत बिक्री गर्ने उहाँले बताउनुभयो। देशभर खाद्य व्यवस्था तथा व्यापार कम्पनीले ४९, साल्ट ट्रेडिङ कर्पोरेशनले ३५ र दुग्ध विकास संस्थानले ११ आउटलेटबाट सहुलियत मूल्यमा सामान बिक्री गरिरहेका छन्।

सञ्चालनमा ल्याइएका सहुलियत मूल्य पसल प्रभावकारी भए-नभएको विषयमा अनुगमन गर्न सरकारले अनुगमन समिति पनि बनाएको छ। सहुलियत पसलबाट धेरैभन्दा धेरै लाभ लिन केसीले उपभोक्तालाई आग्रह गर्नुभएको छ।

## आशिर्वादको...

खेल कार्तिक १ गते सम्म चल्ने छ। प्रतियोगिता पोखरा-१३, आर्वा अमलाचौर अमरज्योति आधारभूत बिद्यालयको मैदानमा भएको छ। खेलमा सहभागी हुन टिम दर्ता शुल्क रु ३०००/- रहेको छ भने प्रथम पुरस्कार रु ४०,०००/, दृतिय पुरस्कार रु २५,००० र अन्य उत्कृष्ट पुरस्कार सहित मेडल, ट्रफि र सर्टिफिकेटहरु रहेका छन्। समाचार तयार गर्ने वेलासम्म चार खेल भइसकेको क्लवका सचिव अर्जुन वरालले वताए।

केही वर्ष देखी क्लवले हरेक चाडपर्वको अवसरमा शिविर, सांस्कृतिक कार्यक्रम लगायत रचनात्मक कार्यक्रम गर्दै आइरहेको छ। वडा नं १३ का वडा सदस्य सुचिता तामाङले खेलकुदले एक अर्काविच मत्रिता र सम्मानमा ठूलो भुमिका खेल्ने वताइन्। खेलकुदले मानिसहरुप्रति दयालु हुनु मात्र होइन असल नैतिकताको संकलन पनि हो जसले जीवनभर सकारात्मक उर्जा थप्ने वडा सदस्य तामाङले भनिन्।


आशिर्वाद क्लब अफ नेपालका अध्यक्ष मनिष वरालको अध्यक्षतामा भएको कार्यक्रममा क्लवका पूर्व इन्चार्ज विक्रम वरालले स्वागत र सचिव अर्जुन वरालले कार्यक्रम संचालन गरेका थिए। क्लवका ईन्चार्ज रवि बरालले प्रतियोगिताको दोस्रो दिन भव्य र सव्य रुपमा खेल भइरहेको भन्दै खेल मैदानमा हुटिङ भइरहेको मोवाइलावाट सुनाए। आउनु भयो नौलो ठाउँमा, हजुरलाई स्वागत यो गाउँमा अव हेर्नु हाम्रो संस्कार र संस्कृति भन्ने वोलको गितमा विद्या वराल, दिनि सा लामिछाने, अकिता वराल, रोशनी वराल,संगिता वराल र निसा भण्डारीले प्रस्तुत गरेको नृत्यले उपस्थित सवैलाई मन्त्रमुग्ध पारेको थिए।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

समय विताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस ।
– सास लिभोसन

## सम्पादकीय

# गैरआवासीय नागरिकता

सरकारले गैरआवासीय नेपालीलाई गैरआवासीय नागरिकता प्रदान गर्न सुरु गरेको छ । प्रधानमन्त्री निवास बालुवाटारमा मंगलबार आयोजित कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहालले गैरआवासीय नेपाली संघ (एनआरएनए)का कार्यकारी अध्यक्ष बद्री केसी र अध्यक्ष कुल आचार्यलाई गैरआवासीय नागरिकता प्रदान गरेका छन । जिल्ला प्रशासन कार्यालय काठमाडौंले यही असोज २९ गते कार्यकारी अध्यक्ष केसी र जिल्ला प्रशासन कार्यालय पर्वतले यही असोज २८ गते अध्यक्ष आचार्यका नाममा नागरिकता जारी गरेको थियो । ती नागरिकता दुवै जिल्लाका प्रमुख जिल्ला अधिकारीले प्रधानमन्त्रीलाई हस्तान्तरण गरेका थिए ।

नेपालको संविधानको धारा १४ मा गैरआवासीय नेपालीलाई नागरिकता प्रदान गर्न सकिने व्यवस्था छ । विदेशी मुलुकको नागरिकता प्राप्त गरेको दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) सदस्य राष्ट्रबाहेकका देशमा बसोबास गरेको साविकमा वंशजको वा जन्मका आधारमा निज वा निजको बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिलाई नेपालको गैरआवासीय नागरिकता प्रदान गर्न सकिने संवैधानिक व्यवस्था छ । संविधान जारी भएको लामो समयपछि सरकारले नेपाल नागरिकता ऐन, २०६३ संशोधन गरी गैरआवासीय नेपालीलाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी नागरिकता प्रदान गर्ने व्यवस्था मिलाएको थियो ।

नेपालको संविधान, २०७२ को धारा १४ मा रहेको 'गैरआवासीय नेपाली नागरिकता'को प्रावधान बल्ल कार्यान्वयन भएको छ ।संविधानअनुरूप हुनेगरी संशोधन गरिएको नागरिकतासम्बन्धी ऐन, २०६३ मा  लागु भएपछि यो प्रावधान कार्यान्वयनमा आएको हो । हुनत, गैरआवासीय नेपालीले नेपालमा भएको सम्पत्तिको उपभोग पनि पूर्ववत् गर्दै आएकै छन् । सामाजिक र सांस्कृतिक अधिकारमा त नेपालमा सम्भवतः कसैलाई पनि कानुनी वा सामाजिक छेकबार छैन । यसैले गैरआवासीय नागरिकताको प्रचलनले भावनात्मक सन्तुष्टिबाहेक थप खासै फरक नपर्न सक्छ ।

तैपनि गैरआवासीय नेपालीले विशेषगरी विदेशिएको पहिलो पुस्ताले नेपालको नागरिकताप्रति मोह देखाउँदै आएको थियो । मातृभूमिप्रतिको भावनात्मक लगावले उनीहरूले वैधता खोजेको हुनसक्छ । गैरआवासीय नेपाली नागरिकताबाट सम्भवतः उनीहरू अहिलेका लागि सन्तुष्ट पनि हुनेछन् । नागरिकता दिलाएको जस लिने होड चलेको छ । विदेशी नागरिक भएर पनि नेपाली राजनीतिक दलका समर्थक र शुभेच्छुकका रूपमा देखिन रूचाउने गैरआवासीय नेपालीहरूका लागि यस प्रावधान पक्कै हौस्याउनेछ । फलस्वरूप, उनीहरूले 'राजनीतिक अधिकारु पनि खोज्न थाल्नेछन् । नेपाली नागरिकता जत्तिकै राजनीतिक अधिकार र विदेशीको जस्तो सुविधा खोज्ने अवस्था नआओस भनी सचेत भने हुनैपर्छ ।शुरुमा हौसिएका पछि आउने झन्झट बारेमा विरोध गर्ने प्रबृत्ति प्रति समयमै ध्यान पुग्नुपर्छ । विभिन्न वाहनामा गलत काम नहुने संयन्त्र चाहिन्छ । नभएको अवस्थामा अहिले 'नागरिकता दिलाएको' जस लिन खोज्नेहरू आलोचनाको सामना गर्न भने तयार नहुन सक्छन् । यद्यपि, यस प्रावधानको जस वा अपजस नेपालको संविधान, २०७२ का पक्षधर सबैलाई जान्छ ।

गैरआवासीय नेपालीलाई नेपालमा लगानी गर्न यस प्रावधानबाट अपेक्षाकृत सहज भएमात्र यसको औचित्य पुष्टि हुनेछ । भारतलगायत संसारका धेरै देशमा गैरआवासीय जनसंख्यालाई प्रोत्साहित गर्दा वैदेशिक लगानी जुटाउन सफलता मिलेको उदाहरण पनि छ । विश्वका करिब आधा देशमा यो वा त्यो प्रकारको दोहोरो नागरिकता प्रचलित देखिन्छ । गैरआवासीय नेपालीबाट विकसित मुलुकको प्रविधि र पुँजी भित्र्याएर नेपालमा रोजगारी र आमदानी बढाउन सहयोग पुग्नसक्छ । त्यस अवस्थामा नेपालको आर्थिक विकासमा उनीहरूबाट महत्त्वपूर्ण योगदान पुग्नेछ । त्यति भएमात्र 'गैरआवासीय नेपाली नागरिकता'को प्रावधान सार्थक भएको मानिनेछ ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : शारीरिक झमेला |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : सम्मान मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : मानसिक तनाब | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# 'आधारभूत संस्कृत भाषा' कक्षामा आकर्षण बढ्दो

**पोखरापत्र संवाददाता**
वालिङ, ३० असोज

स्याङ्जाको वालिङमा संस्कृत भाषाको संरक्षणका लागि सञ्चालन गरिएको आधारभूत संस्कृत भाषा कक्षामा युवा प्रशिक्षार्थी आकर्षित हुँदै गएका छन् । विश्व हिन्दू महासङ्घ स्याङ्जा, विश्व हिन्दू युवा सङ्घ स्याङ्जाको सहकार्य र केदारनाथ मन्दिरकोआयोजनामावालिङमा सञ्चालन भएको भाषा कक्षामा युवा प्रशिक्षार्थी आकर्षित हुँदै गएका हुन् ।

एक महिना अघिदेखि सुरु गरिएको भाषा कक्षामा वालिङ तथा आसपासका पालिकाका एकसय जना भर्ना भई अध्ययन गरिरहेका कार्यक्रम संयोजक खगेन्द्रप्रसाद अर्यालले बताउनुभयो ।

"संस्कृत भाषा कक्षामा अहिले युवा बढी आकर्षित देखिएका छन्, विद्यार्थीको सक्रिय सहभागिता रहेको छ" उहाँले भन्नुभयो, "भाषा कक्षाबारे धेरैले चासो लिएका छन् , आगामी चरणका कक्षामा समावेश गर्ने तयारी छ ।"

भाषा कक्षा सञ्चालन भएको एक महिना भइसकेकाले नयाँ प्रशिक्षार्थीलाई बीचमा सहभागी गराउँदा प्रभावकारी नहुने भएकाले अर्को चरणमा सुरुआतबाटै सहभागी गराउने संयोजक अर्यालले बताउनुभयो । वालिङ-८ का सिलाइकटाइ व्यवसायी लीलाबहादुर रनपाल संस्कृत भाषा सिक्न पाउँदा खुसी लागेको बताउनुहुन्छ ।

सिलाइकटाइ व्यवसायका अलावा उहाँले आफ्नो समुदायमा हुने शुभकार्य तथा पितृ कार्य गराउँदै आउनुभएको छ । किताब पढेको र आफूभन्दा अग्रजले गरेको देखेकै आधारमा कार्य गराउँदै आउनुभएका रनपालले संस्कृत भाषा कक्षामा सहभागी भएसँगै अहिले धेरै सहज भएको महसुस गर्नुभएको छ ।

"हिजो धार्मिक तथा पितृ कार्य गराउँदा अप्ठ्यारा भएका विषयलाई आधारभूत संस्कृत भाषा कक्षामा सहभागी भई ज्ञान प्राप्त भएसँगै सहज भएको महसुस गरेको छु" उहाँले भन्नुभयो, "यस्तो कक्षा पहिल्यै जो कोहीले भए पनि सञ्चालन गर्नुपर्थ्यो, ढिलै भए पनि सञ्चालन भएको छ यो हाम्रा लागि खुसीको कुरा हो ।"

जन्मदेखि मृत्युसम्मका कर्मकाण्ड गर्ने तरिका, नैतिक शिक्षा, आध्यात्मिक शिक्षा, हाम्रा जीवन पद्दतिका विषयमा गुरुकुलीय पद्दतिबाट ज्ञान लिइरहेको उहाँले बताउनुभयो ।

संस्कृत भाषा कक्षा लिएसँगै संस्कृत भाषा उच्चारण तथा शुद्धिकरणमा पनि सहयोग पुगेको उहाँ बताउनुहुन्छ । पछिल्लो समय वैद्धिक सनातन धर्मप्रति विभिन्न प्रकारबाट प्रहार भइरहँदा संस्कृत भाषालाई लोप हुन नदिइ संरक्षण गर्नका लागि आधारभूत संस्कृत भाषा कक्षा सञ्चालन गरिएको विश्व हिन्दू महासङ्घ नेपालका केन्द्रीय सदस्य एवं मुख्य प्रशिक्षक नेत्रप्रसाद पराजुली बताउनुहुन्छ । संस्कृत भाषाको संरक्षण गर्दै नयाँ पुस्तामा भाषा हस्तान्तरण गर्दै संस्कृत साहित्यको संरक्षण, सम्वर्द्धन र जगेर्ना गर्ने उद्देश्यसहित भाषा कक्षा सञ्चालन गरिएको उहाँले बताउनुभयो ।"वालिङ सञ्चालन भएको संस्कृत भाषा कक्षामा विशेष गरी युवाको सक्रिय सहभागिता रहेको छ" उहाँले भन्नुभयो,"केही पहिलेदेखि कर्मकाण्ड गराउँदै आउनुभएका व्यक्ति पनि थप ज्ञान लिनका लागि सहभागी हुनुभएको छ ।" कक्षामा वैद्धिक धर्म, संस्कार, संस्कृति, नैतिक शिक्षा, कर्मकाण्ड, ज्योतिष विद्या, पाठ पारायण तथा सामान्य ब्याकरणकाबारेमा अध्यापन गराइन्छ । तीन महिनाको अवधि रहने गरी सोही अनुसारको पाठ्यसामग्री तयार पारिएको छ । "कक्षामा संस्कृत भाषाप्रति युवा पुस्ताको रुचि राम्रो छ, माध्यमिक तहमा अध्ययनरत विद्यार्थी बाबुहरू पनि सहभागी छन्" उहाँले भन्नुभयो, "भाषा कक्षालाई एउटा अभियानस्वरुप नियमितरूपमा अगाडि बढाउँछौं ।" भाषा कक्षामा चार जना प्रशिक्षक हुनुहुन्छ । वालिङ-८ केदारनाथ मन्दिरमा साँझमा दैनिक एकघण्टा संस्कृत भाषा कक्षा सञ्चालन हुँदैआएको छ ।

# हाम्रो सामुदायिक सहकारीको अध्यक्षमा पुन : लक्ष्मी नारायण श्रेष्ठ निर्वाचित

**पोखरापत्र संवाददाता**
पोखरा, ३० असोज



पोखरा महानगर पालिका वडा न ६ मा अबस्थित हाम्रो सामुदायिक बचत तथा ऋण सहकारी संस्था को अध्यक्षमा पुन : लक्ष्मी नारायण श्रेष्ठ सर्वसम्मत निर्वाचित हुनुभएको छ ।

सहकारीको सोमबार सम्पन्न १३ औ बार्षिक साधारणसभा तथा पाचौं अधिबेशले श्रेष्ठ लाई पुनः चार बर्षका लागि अध्यक्षमा चयन गरेको हो । संस्थाको उपाध्यक्षमा भरत बहादुर पौडेल, सचिबमा चिरञ्जीवी पौडेल, कोषाअध्यमा राम प्रसाद ढकाल र सहसचिबमा पदमराज पहारी चयन हुनुभयो ।

यसैगरी सदस्यहरुमा चेतनारायण पाण्डे, तेजनारायण अधिकारी, सुनिता बराल र जमुना पराजुली चयन हुनुभएको निर्वाचन अधिकृत तथा संस्थाका कानुनी सल्लाहकार कमल अर्यालले जानकारी दिनुभयो । यसैगरी लेखा समितिको संयोजकमा विष्णुप्रसाद बराल र सदस्यहरुमा कृष्णकुमार श्रेष्ठ र दामोदर बराल चयन हुनुभयो । यस अघि साधारणसभाको उद्धाटन गर्दै प्रमुख अतिथि गण्डकी प्रदेशका उपसभामुख बिना थापा मगरले सहकारी संस्थाहरु स्थापित नियम र कानुनका आधारमा सञ्चालित हुनुपर्ने बताउनुभयो । विशेष अतिथि गण्डकी प्रदेशसभा सदस्य देवका पहारीले सहकारीको समाजमा छरिएको सानो सानो पूँजी संकलन गरी व्यावसायिकता र उद्यमशिलताको विकासमा योगदान गरेको बताउनुभयो । संस्थाका अध्यक्ष लक्ष्मी नारायण श्रेष्ठको सभापतित्वमा भएको कार्यक्रममा स्वागत मन्तब्य उपाध्यक्ष पम्फा पहारी र सहकारीका सात सिद्धान्त वाचन सदस्य चेतनारायण पाण्डेले गर्नुभयो । साधारणसभामा वडा सदस्य दीपेन्द्र पहारी, संस्थाका सचिव भरत बहादुर पौडेल, शेयर सदस्य जगन्नाथ अधिकारी, मितेरी नारी समूह बैदामका अध्यक्ष लक्ष्मी केसी, सामुदायिक प्रहरी सेवा केन्द्र बैदामका अध्यक्ष नेत्र भण्डारी, सल्लाहाकार मेहरमान श्रेष्ठ, कानुनी सल्लाहकार कमल अर्याल, सल्लाहकार चुडामणि पहारी, इन्जिनियर भरतराज पहारी लगायतले सहकारी संस्थाले शेयरसदस्यको हितलाई ध्यान दिनुपर्ने बताउनुभयो ।

विसं २०६७ मा स्थापना भएको सहकारीमा एक हजार शेयर सदस्य छन । संस्थाको शेयर पूँजी शेयर आठ  करोड १२ लाख ६ हजार ८ सय र निक्षेप संकलन २१ करोड २० लाख ७५ हजार ८ सय ८७ रुपैया रहेको छ ।

# मासुको उचित भण्डारण गर्दैनन् व्यवसायी

**रासस**
बागलुङ, ३० असोज

मासु तथा मासुजन्य पदार्थ उपभोगका लागि संवेदनशील मानिन्छ । मासुबाट रोग सर्ने सम्भावना बढी भएकाले मासु पसलको आफ्नै तापक्रम, मापदण्ड र सरसफाइ हुनु जरुरी छ ।

बागलुङमा मासु पसलहरूले उचित मापदण्ड पूरा नगरी मासुको बिक्री वितरण गरेको पाइएको छ । उचित मापदण्डमा नचल्दा मासु पसलहरूको मनोमानीका कारण उपभोक्ताको स्वास्थ्यमाथि खोलबाड भइरहेको मासु पसलहरूको अनुगमनका क्रममा पाइएको छ ।

जिल्ला प्रशासन कार्यालय बागलुङका सहायक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा बागलुङ नगरपालिका, खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय बागलुङ र पर्यटन तथा घरेलु उद्योग कार्यालयले संयुक्त रूपमा बजार अनुगमन गर्ने क्रममा मासु पसलहरूले उचित सरसफाइ नगरेको, मासु भण्डारण उचित तापक्रममा नगरेको र मासुलाई बाहिर राखेर बिक्री वितरण गरेको पाइएको छ । मासु भण्डारण फ्रिजलाई रातको समयमा बन्द गरिएको, आवश्यक तापक्रम पूरा नभएको, मासु पसलको सरसफाइ नगरेको, कानुनी प्रक्रिया पूरा नगरी मासु पसल सञ्चालन गरेको पाइएको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले बताउनुभयो । उहाँका अनुसार चाडपर्वको समयमा हुनसक्ने कालोबजारी, स्वास्थ्यमाथिको खेलबाडलाई नियन्त्रण गर्न मासु पसलको समेत अनुगमन गरिएको र अनुगमनका क्रममा केही मासु पसल राम्रो भए पनि अधिकांश मासु पसलहरू भने मापदण्डअनुसार नचलेकाले केही मासु पसललाई सचेत बनाइएको तथा केहीलाई कारबाहीका लागि सिफारिस गरिएको छ । "मासु भण्डारण गरेको फ्रिजमा विद्युत् नलगाइएको, पसलमा खुल्ला रूपमा मासु राखिएको, भुइँमै मासु राखिएको, फोहोरजन्य मासुहरूको उचित व्यवस्थापन नगरिएको पाइएको छ", बरालले भन्नुभयो, "मासुजस्तो संवेदनशील खाद्यपदार्थलाई समेत व्यापारको नाममा लापरबाही गरेको पाइयो, केही मासु व्यापारीहरूलाई जिल्ला प्रशासन कार्यालयमा बोलाएर स्पष्टीकरण लिएका छौं, केहीलाई दर्ता गर्नका लागि नगरपालिकामा पठाएका छौं ।" मासुलाई ऋणात्मक १० देखि १८ डिग्री सेल्सियमा भण्डारण गर्नुपर्ने भए पनि बागलुङका अधिकांश मासु पसलहरूमा मासु भण्डारणका लागि राखिएको फ्रिजको तापक्रम नपुगेको पाइएको छ । मासु पसलका लागि भित्ता, भुइँ लगायतमा टायल राख्नुपर्ने मापदण्ड भए पनि कतिपय मासु व्यवसायीहरूले नराखेको पाइएको छ । खुल्ला रूपमा मासु बिक्री गर्न नपाइने र उपभोक्ताले मासु खरिद गर्न आएपछि मात्र फ्रिजबाट मासु बाहिर निकाल्नुपर्ने भेटेरिनरी अस्पताल तथा पशुविज्ञ केन्द्र बागलुङका प्रमुख डा ऋषिराम सापकोटाले बताउनुभयो ।

# भुमेपुज्ने कृषि सहकारी नवौ बर्षमा प्रवेश

**पोखरापत्र संवाददाता**
पोखरा, ३० असोज



पोखरा महानगरपालिका वडा नम्बर १९ का वडा अध्यक्ष पुष्पेन्द्र पान्डे को प्रमुख आतिथ्यमा साथै महेन्द्र मावि घार्मी व्यवस्थापन समितिका अध्यक्ष बैकुन्ठ पौडेलको विशेष आतिथ्यमा जेष्ठ नागरिक बहुउद्देश्य सेवा केन्द्र कार्यलय परिसरमा भुमेपुज्ने कृषि सहकारी सस्थाले नवौ साधरण सभा सभ्यभव्य रुपमा सम्मपन्न गरेको छ ।

सस्थाले बेसार खेती गरेकोमा धन्यवाद दिदै एक सहकारी एक उत्पादन कार्यक्रममा छनोट लागि पहल गर्ने  वाचा गर्दे प्रमुख अतिथि पुष्पेन्द्र पान्डले जेष्ठनागरिक तिलक बहादर सुनारलाई दोसल्ला ओढाएर सम्मान गर्नुभएको थियो । असल बचत कर्ताको रुपमा प्रेम  कुमारी विक ज्युलाई साथै असल कारोबारी को रुपमा सर्मिला सुनारलाई नगद सहित सम्मान प्रमाणपत्रले सम्मान गरिएको उक्त कार्यक्रममा घैटोफोडका विजेता सविता सुनार कुर्चि दौडका विजेता क्रमश लक्ष्मि सुनार जुना सुनार, राधा अधिकारी साथै चालिसबर्ष माथिको कुर्चि दौडमा क्रमश मन्जु विक, मैयाँ सुनार, प्रेमकुमारी विक आदि विजेता खेलाडीहरुलाई नगद र प्रमाणपत्रले हौसला प्रदान गरिएको थियो ।

सस्थाले तीन रोपनी जग्गामा व्यवसायिक रुपमा वेसारखेती यश बर्षदेखि सुरु गरेको जानाकारी दिदै अध्यक्ष मन बहादुर सुनारले १२ प्रतिशत बोनस बाढ्न सफल भएकोमा हर्षित हुँदै विजयदशमीको शुभकामना व्यक्त गर्नुभयो । सस्थाले २८ लाख जतिको कारोबार गरिरहेको बताउदै कोषाध्यक्ष प्रेम जिसिले ७९ जना शेयर सदस्यहरुले सामुहिक रुपमा बेसार खेती गरिरहेको बताउदै व्यक्तिगत रुपमा पनि बेसार खेती गरिरहेको जानाकारी दिनुभएको थियो ।


गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
पर्यटन,उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
पर्यटन तथा उद्योग कार्यालय, कास्की

**फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित सूचना २०८०/०६/३०

यस कार्यालयबाट मिति २०७३/०८/२६ मा कास्की जिल्ला पोखरा २२ कास्कीमा संचालन गर्ने गरि पोखरा  २२कास्की निवासी सुक बहादुर गुरुङको नाममा दर्ता भएको फर्म दर्ता नं. १२१६८/०७३/०७४ (७१५) को कालाबाङ्ग सिस्नेरी एग्रो फर्म नामक फर्मको  प्रोप्राईटरले फर्म संचालन गर्न नसक्ने भएकाले मिति २०८०/०६/३० मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं  कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**

# कागबेनीलाई पुरानै लयमा फर्काइँदै

पोखरापत्र संवाददाता
म्याग्दी, ३० असोज

दुई महिनाअघिको बाढीको पीडा भुलेर मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका–४ कागबेनीका बासिन्दा पुनःनिर्माणमा जुटेका छन् । गत साउन २८ गते कागखोलामा आएको बाढीले कागबेनीमा भौतिक संरचनामा ठूलो क्षति पुर्‍याएको थियो ।

गाउँपालिका, समुदाय, सुरक्षा निकाय र दाताको श्रम तथा आर्थिक सहयोग जुटाएर बाढी व्यवस्थापन गरी कागबेनीलाई पुरानै लयमा फर्काउन जुटेको कागबेनी बस्ती पुनःस्थापना तथा संरक्षण समितिका संयोजक ढारा गुरुङले बताउनुभयो ।

"बस्तीमा पसेको बाढीको गेग्रान पन्छाउने काम जारी छ । बाढीले कटान गरेर बस्तीमा पसेको कागखोलालाई पुरानै धारमा फर्काएर बगाइएको छ । अस्थायी पुल बनाएर आवतजावतको व्यवस्था मिलाइएको छ । खानेपानी र विद्युत् आपूर्ति सहज बनाएका छौँ", वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका पूर्वअध्यक्षसमेत रहनुभएका उहाँले भन्नुभयो, "बाढी पन्छाएर श्रद्धास्थल पनि बनाएका छौँ । यी काम गर्न छिमेकी गाउँका बासिन्दाले आर्थिक सहयोगका साथै श्रमदान गर्नुभएको छ । सुरक्षा निकायले पनि जनशक्ति उपलब्ध गराएका छन् । गाउँपालिका, दाता र प्रभावितहरूले रु एक करोडभन्दा बढी चन्दा जुटाएर कागबेनी बजारमा थुप्रिएको गेग्रान उठाएर फाल्ने काम गरिरहेका छन् । छिमेकी गाउँका बासिन्दाका साथै पोखरा, काठमाडौँ र विश्वका विभिन्न देशमा रहेका मुस्ताङवासीले सो सहयोग रकम सङ्कलन गरेर पठाएका हुन् । व्यक्तिगत घरभित्र पसेको गेग्रान पन्छाउन घरधनीले मजदुर परिचालन गरेका छन् । चन्दाको रकम परिचालन गरेर चार डोजर, ब्याकुहोलोडर परिचालन गरी खोला र सार्वजनिकस्थलको बाढीको गेग्रान निकालेर टिपरमा राखेर फाल्ने काम भइरहेको उहाँले बताउनुभयो । तिरीगाउँ र कागबेनीमा आवतजावत गर्न तीनवटा अस्थायी पुल बनाएर आवतजावत सहज बनाइएको छ । घर पूर्ण क्षति भएका बाहेकका सर्वसाधारण बाढी पन्छाएर घर र व्यवसायमा फर्किएका छन् । बाढीले घर भत्काएपछि करिब एक महिना छिमेकीकोमा आश्रय लिएर बस्नुभएकी युनुङ गुरुङले गोठलाई मर्मत गरेर त्यहाँ बस्न थालेको र बाढी पन्छाएपछि घर पुनःनिर्माण गर्ने योजना रहेको बताउनुभयो । क्षतिग्रस्त भौतिक संरचनाको मर्मत र बाढी पन्छाएर जनजीवनलाई सामान्य अवस्थामा फर्काउने काममा तीव्रता दिएको वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष रिनजिन गुरुङले बताउनुभयो । "बाढी र कटान नियन्त्रण गर्न तटबन्धको योजनाका लागि प्रदेश र सङ्घीय सरकारसँग पहल गरेका छौँ", उहाँले भन्नुभयो, "जोखिमको प्राविधिक अध्ययन गरेर बाढीको दिगो नियन्त्रणको योजना आवश्यक छ ।" भवनमा बाढी पसेपछि क्षति भएको जनशान्ति माविको भवन स्थानान्तरणको पहल गरिएको सहायक प्रअ मनवीर किसानले बताउनुभयो । कागखोलाको बाढीबाट रु एक अर्बभन्दा बढीको क्षति पुगेको प्रारम्भिक अनुमान गाउँपालिकास्तरीय विपद् व्यवस्थापन समितिले गरेको छ । सडक, मोटरेबल पुल, झोलुङ्गे पुल, गुम्बा, मन्दिर धर्मशाला, सामुदायिक भवन, प्रहरी चौकीको भवन, तटबन्धनमा क्षति गरेको थियो । कागखोलाको बाढीबाट रु एक अर्बभन्दा बढीको क्षति पुगेको प्रारम्भिक अनुमान गरिएको छ । नगद सामान र संरचनामा मात्र रु ८१ करोड ८३ लाख बराबरको क्षति भएको छ । सडक, मोटरेबल पुल, झोलुङ्गे पुल, गुम्बा, मन्दिर धर्मशाला, सामुदायिक भवन, प्रहरी चौकीको भवन, तटबन्धनलगायत १४ गरी भौतिक पूर्वाधारतर्फ रु २१ करोड दुई लाख बराबरको क्षति पुगेको थियो । व्यक्तिका ५० घरमा रु ५२ करोडभन्दा बढीको क्षति भएको थियो । उक्त बाढीबाट २ ९ घरमा पूर्ण क्षति पुगेको छ । नौ गोठमा पूर्ण र १५ मा आंशिक क्षति भएको तथा बाढीले बगाउँदा २४ पशु चौपाया पनि मरेका थिए ।

# सुनगामा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १४ औँ वार्षिक साधारणसभा

पोखरापत्र संवाददाता
पोखरा, ३० असोज

समुन्नतिका लागि सहकारीको नारा सहित पोखरा महानगरपालिका वडा नं १८ सेदीबगरमा रहेको सुनगामा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १४ औं वार्षिक साधारणसभा मंगलबार सम्पन्न भएको छ ।

सोही वडाका वडाध्यक्ष शिवप्रसाद तिमिल्सिनाले साधारणसभाको उद्घाटन गर्नुभयो। सो अवसरमा उहाँले सहकारी क्षेत्रमा समस्या आउन नदिन सञ्चालक, कर्मचारी तथा शेयर सदस्य सबै सचेत हुनुपर्नेमा जोड दिनुभयो । सहकारी क्षेत्र देशको समृद्धिको आधार रहेकाले यसलाई नियमन र व्यवस्थापनको खाँचो रहेको वडाध्यक्ष तिमिल्सिनाले बताउनुभयो । सहकारी संस्थाका अध्यक्ष कृष्ण बहादुर थापाको अध्यक्षतामा भएको कार्यक्रममा



निर्वतमान वडाध्यक्ष रण बहादुर थापा, प्रभात आधारभुत विधालयका प्रधानाध्यापक आशिस तिमिल्सिना, बडलादी बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष बिष्णुमाया न्यौपाने,सर्वहित बचत तथा ऋण समिति का अध्यक्ष शिव थापा, नेपाल रेडक्रस सोसाईटी पोखरा–१८ का अध्यक्ष सूर्य तिमिल्सिना, ह्यापिटोल विकास संस्थाका अध्यक्ष महेन्द्र गोपाल थापा, छहदि आमा समूह पोखरा–१८ का अध्यक्ष पशुपति थापा लगायतले सहकारी संस्थाले शेयर सदस्यको हितमा काम गर्नुपर्नेमा जोड दिनुभएको थियो । संस्थाका उपाध्यक्ष पार्वती कोइलाले स्वागत गर्नुभएको कार्यक्रमको सञ्चालन सचिव कृष्ण थापा तथा सहकारी सात सिद्धान्त बाचन संस्थाका प्रवन्धक सरिता सिग्देलले गर्नुभएको थियो । सुनगाभा सहकारीमा तीन सय ८५ जना शेयर सदस्य छन् । त्यसैगरी संस्थाको शेयर पूँजी रु २ करोड २० लाख र लगानी रु ५ करोड ८५ लाख रहेको छ । सहकारीको स्थापना विसं २०६६ मा भएको हो ।

# पोखराकी जेष्ठ नागरिक कलावती बरालको निधन

पोखरापत्र संवाददाता
पोखरा, ३० असोज

पोखराकी जेष्ठ नागरिक कलावती बरालको निधन भएको छ । पोखरा महानगरपालिका वडा नम्बर १७ पार्दीबिरौटा निवासी १ सय ६ बर्षीया कलावती बरालको निधन भएको उहाँको पारिवारीक श्रोतले जनाएको छ ।

उहाँको निधनले पोखराका समाजसेवी तथा उद्योग व्यवसायी एवं पुम्दीकोट कोट विकास समितिका अध्यक्ष चन्द्रकान्त बराललाई मातृशोक परेको छ। पोखरा २२ (पुम्दी भुम्दी) घर हुनु भएको समाजसेवी स्व.डिल्लीराम बरालकी धर्मपत्नी कलावतीको निवासमै निधन भएको हो ।

कलावतीका ४ छोरा र १ छोरी हुनुहुन्छ । बिशाल महादेव मुर्ति निर्माण समितिका संयोजक समेत रहनु भएका चन्द्रकान्त बराल स्व.कलावतीका साइला छोरा हुनुहुन्छ । स्व.कलावतीका अन्य छोराहरुमा बासुदेव, टिकाराम, निर्मलराज बराल रहनु भएको छ भने बुद्धिकला पौडेल एक छोरी रहनुभएको छ। उहाँको ५ छोरा र २ छोरी मध्य एक छोरा तथा एक छोरीको निधन भएको थियो ।

# मनाङमा हिमपात

पोखरापत्र संवाददाता
मनाङ, ३० असोज

हिमाली जिल्ला मनाङमा सुरुआती हिमपात भएको छ । गत वर्ष यो समयमा हिमपात भएको थिएन । जिल्लाका माथिल्लो क्षेत्रमा हिमपात भएको मनाङ डिस्याङ गाउँपालिका–९ का वडाध्यक्ष चोल्पा गुरुङले जानकारी दिनुभयो ।

"विगतमा हिमपात नहुँदा किसानलाई सकस भएको थियो, यस वर्ष समयमा नै सुरुआत भएको छ", अध्यक्ष गुरुङले भन्नुभयो । उहाँका अनुसार तिलिचो ताल क्षेत्र, थोराङ्ला भञ्ज्याङ, आइलेकलगायत माथिल्लो क्षेत्रमा हिमपात भएको छ । हिमपात हुन सुरु भएपछि स्थनीयवासीमा खुसियाली छाएको छ । समयमा हिमपात हुँदा किसानलाई फाइदा पुग्ने स्थानीय बताउँछन् ।

स्थानीय याङदुङ गुरुङले सययमा हिमपात हुँदा किसानमा खुसी छाएको बताउनुभयो । "हिमपात नहुँदा पानीको अभावले उत्पादन कम हुन्छ, यहाँ हिउँके भरमा खेतीपाती हुने भएकाले अहिले सुरुआत भएको छ, यसले किसानलाई फाइदा हुन्छ", उहाँले भन्नुभयो ।

हिमपात भएपछि याक, चौँरीलाई घाँस पनि राम्रोसँग पलाउने गुरुङले बताउनुभयो । "हिमपातको सुरुआत भएकाले मङ्सिरको पहिलो सातादेखि खर्कबाट याक, चौँरी बेसी झार्ने बेला भएको छ", उहाँले भन्नुभयो । हिमाली जिल्लाका मानिसलाई त हिमपात भएपछि खुसी हुने गरेको उहाँले बताउनुभयो ।

गत वर्ष हिमपात नहुँदा खेतीबालीलाई पानीको अभाव भएको थियो । यस वर्ष समयमा नै हिमपातको सुरुआत हुँदा उत्पादन बढ्ने अपेक्षा गरिएको छ । समयमा नै हिमपात भएपछि जमिनको तल्लो सतहसम्म पानीले भिज्ने र उत्पादन राम्रो हुने गुरुङले बताउनुभयो। गुरुङले भन्नुभयो, "पहिले पहिलेको तुलनामा अहिले हिमपात कम हुने गरेको छ, तर पनि समयमा परिदिए राम्रो हुने थियो, उत्पादन राम्रो हुने आशा लिएका छौँ, यस वर्ष समयमा नै सुरु भएको छ ।" यहाँ उत्पादन हुने स्याउ, करु, जौ, फापर, आलुलगायतका बाली पानी पुग्ने हुन्छ ।

## शिक्षक आवश्यकता

यस विद्यालय व्यवस्थापन समितिको निर्णय र पत्र संख्या ०८०/०८१ च.न. १३ अनुसार यस विद्यालयको प्रा. वि. तह शिक्षकको रिक्त दरबन्दीमा करार शिक्षक पदपूर्तिको लागि योग्यता पुगेको नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ ।

**तपशिल**

**तह** : प्रा. वि. **शिक्षक संख्या** : १ जना
**योग्यता न्यूनतम** : कक्षा १२ पास वा सो सरह
**आवश्यक कागजातहरू**:
- हस्तलिखित निवेदन १ थान
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ थान
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ थान
-स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ थान

**दरखास्त दिने अन्तिम मिति**: २०८०/०७/१४ गतेसम्म
**निवेदन दस्तुर** रु ५००/-
**परीक्षाको किसिम**: लिखित, अन्तवार्ता र आवश्यक परेको खण्डमा कक्षा अवलोकन
**निवेदन दिने स्थान**: श्री विश्व ज्योति आधारभूत विद्यालय (बिहान १० बजेदेखि ४ बजेसम्म)
**तलब**: नेपाल सरकारको प्रचलित स्केल बमोजिम परीक्षाको मिति र स्थान सम्पर्क मितिमा तोकिने छ।
**सम्पर्क मिति**: २०८०/७/१४ गते
*थप जानकारीको लागि:*
**प्र. अ. मनकुमारी गुरुङ**
सम्पर्क न. ९८१०३००६०३, ९८६२९०३४७४
**श्री विश्व ज्योति आधारभूत विद्यालय**
मादी-१२, काफलडाँडा, राम्जे

गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**पर्यटन,उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८०/०६/२९

यस कार्यालयबाट मिति २०७७/०७/२७ मा कास्की जिल्ला पोखरा १६ कास्कीमा संचालन गर्ने गरि बाग्लुङ निवासी कुमारी किसानको नाममा दर्ता भएको फर्म दर्ता नं. १८१९७/०७७/०७८(२२४२) को ईशीवय कुमारी कृषि फर्म नामक फर्मको प्रोप्राईटरले फर्म संचालन गर्न नसक्ने भएकाले मिति २०८०/०६/२९ मा फर्म बन्द गरीपाऊँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**

**नेपाल सरकार**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
**पशु सेवा विभाग**
**राष्ट्रिय पशु प्रजनन् कार्यालय**
**पोखरा, कास्की**

## धानको सुख्खा पराल उपलब्ध गराउने सम्वन्धि शिलबन्दी दरभाउपत्रको सूचना ।

**प्रथम पटक प्रकाशित मिति २०८०/०७/०१ गते**

यस कार्यालयको आ.ब. २०८०/८१ मा पशु आहाराको लागि ९७ मेट्रिक टन (९७,००० के.जी.) सुख्खा पराल (च्याप गरेको वा ट्रका पारेको) आवश्यक पर्ने भएकोले कास्की जिल्लाको चालु आ.ब. को लागि स्वीकृत दररेटमा नबढ्ने गरी दुबै पक्षहरु बीच गरिने शर्तहरु बमोजिम आपूर्ति गर्न आधिकारीक रुपमा ईजाजत प्राप्त ईच्छुक फर्म, कम्पनी वा संस्थाहरुबाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रहि शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

१. यो सूचना प्रकाशन भएको मितिले १५ दिन (मिति २०८०/०७/१५ गते) भित्र कार्यालय समय अवधिमा कम्पनी वा फर्म नविकरण भएको इजाजत प्रमाणपत्र, आयकर दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि तथा आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र मूल्य अभिबृदि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी यस राष्ट्रिय बाणिज्य बैंकमा रहेको खाता नं. १०००२०००१००००, कार्यालयको कोड ३१२०२३९०२ र राजश्व कोड नं. १४२२९ बाट रु.१०००/- राजश्व तिरेको (फिर्ता नहुने) सक्कल भौचर कार्यालयमा पेश गरी शर्त सहितको दरभाउपत्र फारम खरिद गर्न सकिने छ ।
२. खरिद गरिएको दरभाउपत्र फारम मिति २०८०/०७/१६ गते दिनको दिउसो १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गराइ सक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोहि दिन दिनको २:०० बजे दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित भएमा पनि दरभाउपत्र खोल्ने कार्य रोकिने छैन । दरभाउपत्र खरिद तथा दाखिला दिन सार्वजनिक विदा परेमा सो काम क्रमशः सोको भोलिपल्ट कार्यालय खुलेको दिनमा गरिनेछ ।
३. दरभाउपत्र साथ तपसिलमा उल्लेख भए बमोजिमको धरौटी रकम को.ले.नि.का. कास्कीको धरौटी खाता नं. ३०२०१००१०२०३०००० मा नगद जम्मा गरेको भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको दरभाउपत्र दाखिला गर्ने अन्तिम दिनबाट कम्तिमा ७५ दिन अबधि रहेको बिडबण्ड संलग्न हुनु पर्नेछ ।
४. उपलब्ध गराउने पराल तोकिएको मापदण्ड अनुसारको हुनु पर्ने छ साथै कृषि जन्य बस्तुको मूल्यमा मूल्य अभिबृदि कर समाबेश गरिने छैन । अन्य कुनै आवश्यक कुरा बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।
५. सिलबन्दी दरभाउपत्र फाराम भर्दा दररेट अंक र अक्षरमा स्पष्ट रुपमा लेख्नुपर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईने छ । दरभाउपत्रदाताको नाम, फर्मको नाम, दस्तखत, मिति तथा छाप स्पष्ट हुनु पर्ने छ। रीत नपुगी आएका, म्याद नाघी आएको र कुनै शर्त राखिएको दरभाउपत्र स्वीकार गरिने छैन ।
६. दरभाउपत्रको मान्य अवधि ४५ दिनको हुनेछ। नेपाल सरकारको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिकरुपमा स्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई हुनेछ ।
७. यस बाहेक अन्य कुराको हकमा प्रचलित ऐन नियम अनुसार हुने छ ।

| ठेक्का नं. | बिवरण | इकाई | परिमाण केजी | धरौटी रकम रू | कैफियत |
|---|---|---|---|---|---|
| NLBO/G/NCB/SQ/080/81/9 | **धानको सुख्खा पराल आपूर्ति (ढुवानी / भण्डारण समेत)** | के.जी. | ९७,००० | ५०,००० | दरभाउपत्र |